दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३३० | बुटवल | २०८२ मंसिर २४ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday December 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## फराकिलो जितसँगै सुदूरपश्चिम एनपीएलको फाइनलमा



बुटवल । विराटनगर किंग्सलाई पराजित गर्दै सुदूरपश्चिम रोयल्स लगातार दोस्रो पटक सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)को फाइनलमा प्रवेश गरेको छ। मंगलबार भएको पहिलो क्वालिफायरमा विराटनगरलाई ७७ रनले पराजित गर्दै सुदूरपश्चिम लगातार दोस्रो पटक उपाधि नजिक पुगेको हो। योसँगै सुदूरपश्चिमले विराटनगरसँग लिग चरणमा भोगेको हारको बदला समेत लिएको छ। लिग चरणमा विराटनगरले सुदूरपश्चिमलाई ६ विकेटले पराजित गर्दै पहिलो क्वालिफायरमा स्थान बनाएको थियो।

सुदूरपश्चिमसँग पराजित भएपछि विराटनगर पहिलो प्रयासमा नै उपाधि नजिक पुग्ने मौका गुमाएको छ । अब विराटनगरले फाइनल पुग्न दोस्रो मौका पाउनेछ। विराटनगरले फाइनल पुग्न दोस्रो क्वालिफायर खेल्नुपर्नेछ। दोस्रो क्वालिफायरमा एलिमिनेटर खेलको विजेतासँग खेल्नेछ।

एलिमिनेटर खेलमा बुधबार तेस्रो स्थानको काठमाडौं गोर्खाज र चौथो स्थानको लुम्बिनी लायन्स खेल्नेछन्। सुदूरपश्चिमले दिएको एक सय ५६ रनको लक्ष्य पछ्याएको विराटनगर १४.१ ओभरमा ७८ रन बनाउँदा अलआउट भयो। विराटनगरका लागि ओपनर फाफ डु प्लेसिसले ३६ रनको सर्वाधिक योगदान दिए पनि टोलीको हार टार्न सकेनन् । फाफले २९ बलमा तीन चौका र एक छक्का प्रहार गर्दा हेमन्त धामीको बलमा क्याच आउट भए। मार्चेन्ट डे लाङ्गे १५ रन बनाउँदा स्कट कुग्लेजिनको बलमा हरमित सिंहबाट क्याच आउट हुन पुगे । बसिर अहमदले १२ रन थपे। अन्य कुनै पनि ब्याटरले दोहोरो अंकको स्कोर छुन सकेनन्।

विराटनगरलाई रोक्न दोस्रो ओभरमा नै सुदूरपश्चिमले तीन विकेट लिएको थियो।

» बाँकी ३ पेजमा

## चुनावलाई सहयोग गर्ने भारतको प्रतिबद्धता

बुटवल । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न छिमेकी भारतले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । गृहमन्त्री ओमप्रकाश अर्यालसँग भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले मंगलबार भेट गर्दै निर्वाचनका लागि आवश्यक स्रोतसाधन र सुरक्षा बन्दोबस्तीका सामग्री सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन्।

भारतीय विदेश मन्त्रालयको उत्तर मामिला हेर्ने अतिरिक्त सचिव मुनु नेपाल भ्रमणको सिलसिलामा आइतबार काठमाडौं आएका हुन्। भेटमा भारतीय अतिरिक्त सचिवले जाजरकोट भूकम्पपछिको पुनर्निर्माण तथा विपद्बाट क्षति भएका संरचनाको पुनर्स्थापना र व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाएको गृहमन्त्रीको स्वकीय सचिवालयले जनाएको छ । अतिरिक्त सचिव महावरले गृहमन्त्री अर्याललाई उपयुक्त समयमा भारत भ्रमणको निमन्त्रणासमेत दिए।

सो क्रममा गृहमन्त्री अर्यालले कञ्चनपुरको दोधारा-चाँदनीमा निर्माणाधीन सुक्खा बन्दरगाहको कामलाई तीव्रता दिन आग्रह गरे। सीमा अपराध रोकथाम, चोरी तस्करी, अवैधवस्तुको ओसारपसार र आपराधिक गतिविधि नियन्त्रण गर्न दुवैतर्फका सीमा सुरक्षा सङ्गठनको क्षमता अभिवृद्धि र सूचना आदानप्रदान प्रभावकारी बनाउनुपर्नेमा गृहमन्त्री अर्यालले जोड दिए।

### प्रतिनिधिसभा सदस्य निर्वाचन :

# कांग्रेसमा धमाधम उम्मेदवार सिफारिश

**रूपन्देही ५ मा संस्थापन पक्षले एकलौटी गरेर भरतकुमार शाहलाई एकल सिफारिश गरेको भन्दै संस्थापन इतरले युवा नेता विष्णु पोखरेलसहित तीन जनालाई सिफारिश गरेको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य चुनावका लागि नेपाली कांग्रेसले धमाधम उम्मेदवार सिफारिश गरिरहेको छ । धेरै ठाउँमा सर्वसम्मत सिफारिश भए पनि केही क्षेत्रमा विवाद उत्पन्न भएको छ। विवाद भएको मध्ये रुपन्देही ५ पनि हो । रुपन्देही १ मा प्रत्यक्षतर्फ अब्दुल रज्जाक, हिरा खत्री, विश्वनाथ यादव, गुनाखर भुर्तेल, हरि न्यौपाने र आयुशा कंडेलको नाम सिफारिश गरिएको क्षेत्रीय सभापति हिरा खत्रीले बताए । यस्तै समानुपातिकमा गंगा शाही, मणिप्रसाद शर्मा, सरिता चौधरी, दीपक पौडेल, भगवती गैरे र राजु रोकाको नाम सिफारिश भएको खत्रीले बताए।

उता क्षेत्र नं. २ मा प्रत्यक्षतर्फ युवराज गिरी, चुन्नु पौडेल, कुमार केसी, प्रकाश राना, प्रजापाल गिरी, मुक्तिराज पौडेल, सुदिप तिवारी र रिता केसीको नाम सिफारिस भएको छ। यस्तै समानुपातिकतर्फ बालकुमारी भण्डारी, रीता सेन, कविता अर्याल, समा श्रेष्ठ, महेश थैव, चित्रबहादुर केसी, रवि विक, प्रशान्त कोइराला तथा राष्ट्रियसभामा रामबहादुर कार्कीको नाम सिफारिश नेता विमलराज भट्टराईले जानकारी दिए । क्षेत्र नं. ३ र ४ को टुंगो लागि नसकेको पार्टीले जनाएको छ।

**क्षेत्र नं. ५ मा विवाद, दोहोरो सिफारिश**

रुपन्देहीको क्षेत्र नं. ५ मा प्रतिनिधिसभा सदस्य (प्रत्यक्षतर्फ) उम्मेदवार सिफारिशलाई लिएर नेपाली कांग्रेसभित्र विवाद भएको छ। संस्थापन पक्षले पूर्व अर्थ राज्यमन्त्री एवं तीन पटक प्रतिनिधिसभा सदस्य निर्वाचित भरतकुमार शाहको नाम एकल सिफारिश गरेको थियो। तर उक्त सिफारिशप्रति संस्थापन इतर पक्षले असहमति जनाउँदै युवा नेता विष्णु पोखरेलसहित तीनजनालाई उम्मेदवार सिफारिश गर्दै उक्त जानकारी पार्टी केन्द्रीय कार्यालयलाई पठाएको छ। उम्मेदवार सिफारिशका लागि महासमिति सदस्य तथा केन्द्रीय महाधिवेशन प्रतिनिधिहरुलाई अनिवार्य उपस्थित गराउनुपर्ने कांग्रेसको विधानमा उल्लेख भए पनि भरत शाह पक्षले आफूहरुलाई उपस्थित नै नगराई शाहको नाम एकलौटी सिफारिश गरिएको असन्तुष्ट पक्षले केन्द्रलाई पठाएको निवेदनमा उल्लेख छ । क्षेत्रीय सचिव कृष्णप्रसाद शर्माले आफूलाई समेत बैठकमा खबर नगरिएको बताए।

'नेपाली काग्रेस केन्द्रीय कार्यालयको परिपत्र बमोजिम उम्मेदार सिफारिसका लागि क्षेत्रीय समितिले अनिवार्य रुपमा महासमिति सदस्य, केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रदेश महाधिवेशन प्रतिनिधिलाई सहभागि गराई सिफारिस गर्नुपर्छ, तर क्षेत्र नं. ५ रुपन्देहीले बलजफ्ती आफू अनुकुलका प्रतिनिधिलाई मात्र खबर गरेको र आफू अनुकुल नभएका नेतालाई बैठकबाट निकालेर एकलौटी गरिएको छ, मलाई पनि खबर थिएन, यसमा हाम्रो गम्भीर असहमति छ।'-क्षेत्रीय समितिका सचिव शर्माले भने । 'एउटा पक्षलाई बैठकमा नबोलाई एक पक्षीय रुपमा नाम सिफारिस गरेकोले यो निशेधको राजनीतिक प्रवृत्तिले पार्टीले आगामी निर्वाचनमा कुनै हालतमा जित्न सक्दैन, त्यसैले हामीले युवा नेता विष्णु पोखरेलसहित तीनजनाको नाम सिफारिश गरी इमेलमार्फत् केन्द्रमा पठाएका छौं।'-केन्द्रलाई लेखेको निवेदनमा उल्लेख छ।

असन्तुष्ट पक्षले प्रतिनिधिसभा प्रतक्ष्यतर्फ २०७४ को आम निर्वाचनमा प्रदेशसभा सदस्य उम्मेदवार भई तत्कालीन बाम गठबन्धनका उम्मेदवारसंग निकटतम प्रतिस्पर्धी तथा ०७९ सालको निर्वाचनमा प्रदेश सभातर्फ टिकट पाएर मनोनयन दर्ता समेत गरेका तर गठबन्धनका कारण तत्कालीन माओवादी केन्द्रका लागि उम्मेदवारी फिर्ता लिएका महासमिति सदस्य पोखरेललाई एक नम्बरमा सिफारिश गरिएको छ।

यस्तै महासमिति सदस्य एवं पूर्व क्षेत्रीय सचिव कमल प्रकाश भुषाल र महाधिवेशन प्रतिनिधि लिला कुमारी पौडेललाई सिफारिश गरिएको छ।

उनीहरुलाई सिफारिश गर्नेहरुमा क्षेत्रीय सचिव कृणप्रसाद शर्मा, क्षेत्रीय सह-सचिव हरिप्रसाद घिमिरे, सह-सचिव चिरञ्जिवी खनाललगायत रहेका छन्। यस्तै महासमिति महाधिवेशन प्रतिनिधिहरु विष्णुप्रसाद पोखेल, शेषमन यादव, महाधिवेशन प्रतिनिधिहरुशारदा गौतम, चामबहादुर थापा, खिमानन्द खनाल, कल्पना ढकाल, हुमनाथ अधिकारी, दिलमाया कडेललगायतले उम्मेदवार सिफारिशमा हस्ताक्षर गरेका छन्।

» बाँकी ३ पेजमा

## केन्द्रीय नेता कहाँबाट सिफारिश ?

बुटवल । प्रतिनिधिसभाको उम्मेदवारका लागि नेपाली कांग्रेस कार्यबाहक सभापति पूर्णबहादुर खड्काको एकल नाम सुर्खेत क्षेत्र-१ बाट सिफारिस गरिएको छ। २१ फागुनमा हुने प्रतिनिधिसभा चुनावका लागि क्षेत्रीय कार्यसमिति बैठकले खड्काको नाम सर्वसम्मत सिफारिस गरेको हो। खड्का गत निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित भएका थिए।कांग्रेसका महामन्त्री गगन थापाको नाम रोल्पा, ओखलढुंगालगायतका क्षेत्रबाट सिफारिस गरिएको छ। रोल्पा कांग्रेस जिल्ला कार्यसमितिको मंगलबार बसेको बैठकले महामन्त्री थापाको नाम आगामी फागुन २१ मा हुने भनिएको प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ सिफारिस गर्ने निर्णय गरेको हो।

कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनका स्वकीय सचिव अनुपम जीसीका अनुसार थापासँगै प्रदेश सभापति अमरसिंह पुन, महासमिति सदस्य मनोजमणी आचार्य, डा. मन्दिप सुवेदी, र ज्ञानबहादुर ओलीको नाम सिफारिस गरिएको छ।

» बाँकी ३ पेजमा

## ग्राहकको खाताबाट पौने ६ लाख ठगी भएपछि एनसेल बुटवल सेन्टरमा तालाबन्दी




बुटवल । एनसेलका एजेन्टले असम्बन्धित व्यक्तिलाई ई-सीम जारी गर्दा बुटवलका एक युवाको खाताबाट पौने ६ लाख रुपैयाँ झिकिदिएपछि पीडित व्यक्तिसहित युवाहरुले बुटवलको एनसेल सेन्टर घेराउ गरेपछि एनसेलका कर्मचारीले अफिसमा आफैं ताला लगाएका छन्।

२० वर्षदेखि एनसेल सीम प्रयोग गर्दै त्यसैबाट बैंकिङ कारोबार गर्दै आएका बुटवलका समुद्र श्रेष्ठको खाताबाट स्क्यामरले पाँच लाख ७१ हजार रुपैयाँ झिकिदिएपछि उनीसहित युवाहरु तालाबन्दी गर्न पुगेका थिए। तर एनसेलका कर्मचारीले आफैं तालाबन्दी गरेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी इन्द्र रानाले बताए।

विदेश यात्राका लागि भन्दै श्रेष्ठले पेस गरेको पासपोर्ट, नागरिकताको प्रतिलिपीलगायतका कागजातको दुरुपयोग गर्दै स्क्यामरले उनले प्रयोग गर्दै आएको एनसेल सीमबाट ई-सीम निकालेर उनको विभिन्न बैंकमा रहेको रकम झिकेको श्रेष्ठले गुनासो गरे। मंसिर १९ गते अनलाइन विज्ञापनको आधारमा जीवन पौडेल नाम गरेका व्यक्तिलाई आफ्नो कागजातका प्रतिलिपी दिएको र सोही कागजातको आधारमा उक्त व्यक्तिले आफ्नो नम्बरबाट ई-सीम निकालेर सोही सीमको प्रयोग गरी विभिन्न बैंक खातामा रहेका रकम झिकेको श्रेष्ठले बताए । 'मैले मंसिर १९ गते साँझ खाताबाट रकम निकालिएको थाहा पाएँ, सोही दिन मेरो मोबाइलमा रहेको सीम बन्द भैसकेको थियो,' श्रेष्ठले पत्रकार सम्मेलनमा भने-'यसबारे एनसेल अफिसमा फोन गर्दा सोही नम्बरको ई-सीम जारी भएको एनसेल प्रतिनिधिले जानकारी दिएका थिए।'

श्रेष्ठले यसअघि पनि विभिन्न देशको भ्रमण गर्दै आएको र यस पटक पनि स्वीजरल्याण्डको भ्रमणका लागि भिसा प्रक्रिया अगाडि बढाउन आफ्ना डकुमेन्ट पेस गरेका थिए। 'भ्रमणका लागि कागजात पेस गरेको व्यक्ति नै स्क्यामर हुन् भन्ने आफू लुटिएपछि मात्रै थाहा भयो,' श्रेष्ठले भने-'खाताको रकम लुटिएपछि विदेश जान कागजात पेश गरेका जीवन पौडेल सम्पर्कविहीन छन्।' पौडेलसँग १५ दिनसम्म लामो कुराकानीपछि मात्रै आफू विश्वासमा परेर कागजात बुझाएको श्रेष्ठले बताए। स्क्यामरले बुटवलको दीपनगरमा आफ्नो घर भएको परिचय दिएको श्रेष्ठले बताए। स्क्यामरलाई सहयोग गर्न एनसेलका प्रतिनिधिको समेत मिलेमतो भएको श्रेष्ठको आरोप छ। उक्त व्यक्तिलाई ई-सीम जारी गर्नका लागि सहयोग गर्ने एनसेल प्रतिनिधि (वितरक) मनिष क्षेत्रीलाई कारबाही गर्नुपर्ने श्रेष्ठको माग छ।

एनसेल क्षेत्रीय कार्यालय बुटवलका बिजनेश हेड विनय डंगोलले आफूलाई यो घटनाबारे कुनै जानकारी नभएको बताउँदै उनले केन्द्रीय कार्यालयले मात्रै यसको जवाफ दिन सक्ने बताए। इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले पीडितहरुले सोमबार कार्यालयमा उजुरी दिएपछि आवश्यक अनुसन्धानलाई अघि बढाइएको प्रतिक्रिया दिए।

यसैबिच एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ रुपन्देहीका अध्यक्ष कृष्ण कुमालले विज्ञप्ति जारी गर्दै पीडितले न्याय नपाउँदासम्म तालाबन्दी जारी रहने उल्लेख गरेका छन्।

आगामी दिनमा यस्ता अवाञ्छित कार्य रोक्न आफ्ना नीति नियम परिवर्तन गर्न संघले माग गरेको छ।




# सम्पादकीय

## भ्रष्टाचारविरुद्धको अभियान

भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस सोमबार विभिन्न कार्यक्रम गरी मनाईयो । गोष्ठी, छलफल र र्‍याली आयोजना गरेर भ्रष्टाचारविरुद्ध कार्यक्रम भए । भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रयास भइरहेका छन्, यद्यपी ती प्रयास परिणाममुखी हुन नसक्दा देशमा सुशासनको अवस्था चुनौतीपूर्ण बन्दै गएको छ ।

भ्रष्टाचार निवारणमा बारेमा धेरै छलफल र बहस हुँदै आएका छन् । तर ती छलफल र बहसले मुलुकमा भ्रष्टाचारविरुद्धको अभियान सार्थक हुन सकेको छैन् । भ्रष्टाचार निवारण गर्न सरकार असफल देखिएको छ । केही दिनअघि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा ९ अर्बभन्दा बढी भ्रष्टाचार भएको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा चलाएको छ । मुलुकको मुहार फेर्ने भनिएका हरेक ठूला आयोजना अनियमितताको जालोमा मुछिएपछि सुशासनमा प्रश्न उठेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग वार्षिक प्रतिवेदन, महालेखा परीक्षकको प्रतिवेदनजस्ता सरकारी निकायकै आधिकारिक दस्ताबेज र तथ्य-तथ्याङ्कले मुलुकमा भ्रष्टाचार बढिरहेको पुष्टि गर्छ । कर्मचारीको सरुवा, बढुवा, नियुक्ति, ठेक्कापट्टामा हुने कमिशन र घुसले मुलुकमा सुशासन कमजोर भएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार, भ्रष्टाचारको अनुसन्धान, अभियोजन र न्यायिक निरुपण प्रक्रिया क्रमशः कमजोर बन्दै गएको छ । भ्रष्टाचारको अंक मात्र नभई क्षेत्र पनि बढ्दै गएको छ । भ्रष्टाचार नियन्त्रणका लागि नेपालको न्यायिक क्षेत्रमा पनि सुधारको खाँचो देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेका मुद्दामध्ये एक तिहाई मात्र अदालतबाट कसुर सावित भएकोले नेपालको न्यायिक प्रणालीमा प्रश्न उठेको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३४औं वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८०/०८१ का अनुसार गत आर्थिक वर्षमा मात्र २६ हजार नौ सय १८ उजुरी दर्ता भएका थिए । स्थानीय सरकारकाविरुद्ध सबैभन्दा धेरै १९ हजार एक सय छ, अर्थात् कुल संख्याको ५२ दशमलव ८० प्रतिशत उजुरी परेको देखिन्छ । त्यस्तै, प्रदेश सरकार र मातहत निकायकाविरुद्ध चार हजार चार सय ५७ अर्थात् १२ दशमलव ३२ प्रतिशत र संघ सरकार तथा मातहत निकायकाविरुद्ध १२ हजार छ सय २३ अर्थात् ३४ हजार आठ ८४ वटा उजुरी परेका थिए । उजुरीको संख्या हेर्दा स्थानीय तहलाई नागरिकले नजिकबाट हेरेका छन् । स्थानीय तहमा भएको भ्रष्टाचारविरुद्ध निगरानी बढेको छ । आशा गरौं, आगामी दिनमा भ्रष्टाचारविरुद्धको अभियान अझै बढ्ने छ, सुशासनको मार्ग फराकिलो बन्दै जानेछ ।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान



माया गौतम

> धेरै महिला हिंसामा परेका घटना बाहिर आइरहेका छन् । कति त श्रीमानको दुर्व्यवहारले आत्महत्या गरेका छन् । परम्पराकै रुपमा सबै कुरा सहेर चुपचाप बस्न बाध्य छन् । अहिले पनि दाइजो नल्याएको र कम ल्याएको जस्ता विषय उठाएर महिलाको हत्या हुने गरेको छ । परिवारको टर्चरले कैयौं महिलालाई आत्महत्याको अवस्थामा पुर्‍याउने जस्ता गतिविधि भइरहेका छन् ।

अहिले लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १०,२०२५) मंसिर ९ गते देखि मंसिर २४ गतेसम्मलाई चलिरहेको छ । यो वर्षको राष्ट्रिय नारा प्रविधिको सही प्रयोग गरौँ, लैँगिक हिंसा अन्त्य गरौं भन्ने रहेको छ । सामाजिक विकास मन्त्रालयले विभिन्न कार्यक्रमहरु गरेर यो अभियानलाई अगाडि बढाएको छ । सबै मन्त्रालयहरुका वेबसाइटमा १६ दिने अभियानसम्बन्धी प्रचारप्रसार सामग्री राखिने निर्णय बमोजिम सो काम भएको छ । जस्तै सबै मन्त्रालयहरुमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१ को प्रमुख व्यवस्थासम्बन्धी फ्लेक्स तथा ब्रोसर वितरण र लैंगिक हिंसाविरुद्धको अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गर्नेलगायतका कार्यक्रम रहेका छन् । महिला अधिकारकर्मीलगायत महिला हक अधिकारका क्षेत्रमा काम गर्ने संघ संस्थाहरु यतिखेर लैंगिक हिंसाविरुद्धको अभियान चलाइरहेका छन् । समाजमा लिङ्गका आधारमा गरिने हिंसाविरुद्धको अभियानले केही प्रभाव पार्नेमा हिंसा पीडित महिलाहरु आशावादी देखिने गरेका छन् ।

नेपाली समाजमा पुरुष र महिलाबिच विभेदको खाडल निकै गहिरो छ । यसरी लिङ्गका आधारमा भैरहेको विभेदले समतामूलक समाज निर्माणमा बाधा उत्पन्न गरेको छ । थोरै सन्तान जन्माउने चलन बढ्दै जाँदा छोराछोरी छुट्याउने र लिङ्गको पहिचान गरी छोरा भए राख्ने र छोरी भए भ्रुणमै हत्या गर्ने प्रवृत्तिले पछिल्लो समयमा महिला हिंसा अरु बढ्दै गएको छ । महिला अधिकारकर्मी तथा देशको कानुनले नै छोराछोरी समान हुन् भन्दै गर्दा व्यवहारिक रुपमा यो हुन सकेको छैन । अहिले पनि बंश र अंशमा छोरा नै सर्वेसर्वा रहेको हुँदा छोराछोरीबिचको भेदभाव हट्न सकेको छैन । परम्पराको रुपमा रहेको हाम्रो धर्म संस्कृतिले छोरीलाई हेला होंचो गरेको छ, जसको परिणाम छोरा खोज्ने समाजमा छोरी सधैँ हेला होंचो र हिंसामा परिरहेको अवस्था छ । छोरालाई महङ्गो स्कुल पढाउने, तर छोरीलाई त्यो अवसर नदिने अनि डाक्टर इञ्जिनियर जस्तो शिक्षामा छोरीलाई लगानी गर्न नखोज्ने, विवाहमा उत्ति खर्च गर्नुपर्छ भन्ने जस्ता धारणाले क्षमतावान वा इच्छुक छोरी पनि यस्ता शिक्षाबाट वञ्चित छन् । राम्रो घर पाइयो ल उम्किनुपर्छ भन्दै छिट्टै विवाह गरिदिने जसले गर्दा आत्मनिर्भर नहुँदै छोरीहरु पारिवारिक जीवनमा फस्ने गरेका छन् ।

१६ दिने महिला हिंसाविरुद्धको अभियानअन्तर्गत महिला हिंसाका कुरा गरिरहँदा अरु धेरै महिला हिंसाका घटना बढने गरेको छ । महिला शहर बजारका भन्दा बिकट गाउँका अरु धेरै हिंसामा पर्ने गरेका छन् । गरिबी अशिक्षा सानो उमेरमा विवाह हुने, प्रजनन् अंग सक्षम नहुँदै सन्तान जन्माउने गर्दा स्वास्थ्य अवस्था बिग्रेर पनि महिला कमजोर बन्ने गरेका छन् । गाउँको जीवनयापन, सुत्केरी अवस्थामा भारी बोक्नुपर्ने, पौष्टिक आहार खान नपाउने, जसको नतिजा उमेर ढल्किँदै जाँदा आङ खस्ने जस्ता रोगबाट पीडित बनिरहेका छन् । घरको श्रीमानले थोरै कमाइ गरे पनि मदिरा सेवनमा झुम्ने, तर घरमा बालबच्चा श्रीमती अलपत्र भएर बाँच्न बाध्य छन् । सानो उमेरको विवाह वर्षैपिच्छे जन्मीने सन्तान अनि कुपोषणले रोगसँगै वृद्धि विकास बिनाका सन्तान साँझ बिहानको हातमुख कसरी जोड्ने भन्ने चक्करमा महिलाहरु बाँच्नुपरेको छ । प्रायः विकट गाउँका महिलामा आङ खस्ने समस्या छ । समयमा उपचार गर्न सक्दैनन्, अनि कहिलेकाहीँ स्वास्थ्य शिविरमा पुग्दा ढिला भैसकेको हुन्छ, जसको कारण अकालमा मृत्युवरण गर्नु परेको छ ।

विश्व २१औं शताब्दीमा चलीरहेको छ र पनि मानिसहरुको चिन्तन १६औं शताब्दीको अवस्थामा चलीरहेको छ । प्रविधिको विकाससँगै मुलुकले हरेक क्षेत्रमा काँचुली फेरेको छ, तर मानिसहरुको चिन्तनमा फेरबदल हुन सकिराखेको छैन । यो सबै हाम्रो गतिविधि तथा चालचलनमा चिरफार गर्न नसक्नु प्रमुख रहेको छ । बाउबाजेले बिरालो बाँधेर सराद्धे गर्थे भन्ने चलनलाई थांती राख्दै नभएको बिरालो खोज्न हिंडेजस्तो यथास्थितिमा चलेको समाजमा परिवर्तन हुन नसक्नुले पनि महिलालाई हिंसामा पारेको छ । अहिले पनि छोरालाई मात्र सन्तान सम्झीने मुलुकमा छोरीलाई सम्मान हुन सकेको छैन । छोरी भनेका अर्काको घरमा पठाउने हो, विवाह गरेर गोत्र फेरिने सन्तान आफ्नो होइन भन्ने चिन्तन हुञ्जेल समाजमा समानता आउन सक्दैन र महिला हिंसाको अन्त्य पनि हुन सक्दैन । १६ दिने लैङ्गिक हिंसाविरुद्धको अभियान प्रत्येक वर्ष मनाउँदै गर्दा सबैभन्दा धेरै हिंसा घरभित्रै हुने गरेको छ । विपन्न वर्गमा भन्दा सम्पन्न परिवारमा अरु धेरै घरेलु हिंसा भएको तथ्यांकले देखाउँछ ।

यो १६ दिने लैङ्गिक हिंसा महिलामाथि मात्र नभएर तेस्रो लिङ्गीमा पनि बिकराल बनेको छ । मदेश प्रदेका केही जिल्लामा तेस्रो लिङ्गी ग्रुप बनाएर पैसा माग्न हिंड्छन् अनि आर्शिवाद दिने भन्दै पसलका मानिसका टाउकोमा हात राख्छन्, कुनै व्यापारीको बहनी हुन भ्याएको हुँदैन पछि आउनु भन्यो भने बबाल गर्ने जेपाइ बोल्ने झगडा गर्ने गर्छन् भन्ने गुनासो पसल वालाको छ । तेस्रो लिङ्गीका आफ्नै गुनासा छन् हामीलाई समाजमा कुदृष्टिले हेरिन्छ राज्यले हाम्रो लागि कुनै विशेष अवसर दिएको छैन, जहाँ गयो त्यहीं हामीले हिंसा खेप्नु पर्छ । घर परिवार समाज कहीं पनि हामीलाई हेयको व्यवहार गरिन्छ । यो सबै देखेर कैयौं हामी जस्ता तेस्रो लिङ्गी सार्वजनिक हुन सक्नुभएको छैन । जन्मजात यो अवस्थामा हुर्किनु वा बढ्नु उनीहरुको इच्छा होइन यस्तो सन्तान जो सुकैको घरमा हुन सक्छ, यो सबै सोंचेर हिंसा गर्नु हुँदैन । २०२५ को अन्तर्राष्ट्रिय नारा प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं । रहेको छ । यो अभियान चलाएको पनि दुई दशक नाघेको छ, अवस्था जस्ताको तस्तै छ ।

अन्तर्राष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको अभियान भने पनि विशेष गरी महिलामाथि धेरै प्रकारका हिंसा हुने गरेका छन् । जस्तै मानसिक, सामाजिक, शारीरिक, राजनीतिक हरेक क्षेत्रमा महिलाले हिंसा खेप्नुपरेको छ । यात्राको क्रमदेखि कामकाजी ठाउँ तथा बस्तुभाउ चरन आदि किन नहोस् यौन दुर्व्यवहारदेखि धेरै किसिमका हिंसाको शिकार महिला हुने गरेका छन् । दुई वर्षे बालिकादेखि ८० वर्षे आमासम्म बलात्कारको शिकारमा पर्ने गरेका छन् । महिलाहरु आर्थिक पहुँचदेखि टाढा हुन्छन् भन्ने सोंचाइले राजनीति दलले चुनावमा टिकट नदिनु पनि एक खाले हिंसा हो । महिलालाई नेता नमान्ने प्रवृत्ति ज्यूँको त्यूँ छ । कुनै पनि समिति गठन किन नहोस् पदाधिकारीमा महिला राख्ने चलन नै छैन । आर्थिक रुपमा महिला सबल छैनन्, साधन स्रोत छैन, दौडधुप गर्न सक्दैनन् जस्ता विभिन्न बहानामा तर्काउने काम हुन्छ । समाजमा मानवलाई गर्ने व्यवहार महिलामा नगरिंदा महिला सधैँ हिंसामा परिरहेका छन् । सन्तान जन्माउने आमाको पहिचान छैन बाबुको नामबाट नागरिकता बन्छ, नागरिकता विधेक पास भयो र पनि आमाको नामबाट पनि नागरिकता पाउने भने पनि विभिन्न अड्चन खडा गरेर रोक्ने काम भइरहेको छ । अझै पनि समाजमा महिलाले विभिन्न किसिमका हिंसा सहनु परिरहेको छ ।

१६ दिने लैङ्गिक हिंसाविरुद्धको अभियान चलिरहँदा धेरै महिला हिंसामा परेका घटना बाहिर आइरहेका छन् । कति त श्रीमानको दुर्व्यवहारले आत्महत्या गरेका छन् । परम्पराकै रुपमा सबै कुरा सहेर चुपचाप बस्न बाध्य छन् । अहिले पनि दाइजो नल्याएको र कम ल्याएको जस्ता विषय उठाएर महिलाको हत्या हुने गरेको छ । परिवारको टर्चरले कैयौं महिलालाई आत्महत्याको अवस्थामा पुर्‍याउने जस्ता गतिविधि भइरहेका छन् । पछिल्लो समय उर्लिएको सुनको भाउले आकाश छोएको छ । यो अवस्थामा सामान्य मानिसलाई विहे घाँडो बनेको छ । देखासिकीले विवाह महँगो हुन पुगेको छ । अविभावकलाई छोराछोरीको विहे कसरी गर्ने भन्ने चिन्ताले सताएको छ । तराईमा अहिले पनि दाइजो प्रथा हट्न सकेको छैन । जिउँदै जल्ने र जलाउने क्रम जारी नै छ कुरीति हटाउने परम्परा तोड्ने विषय उठाए समाजमा भव्य रुप लिने, सम्बन्धविच्छेद हुने र त्यति मात्र नभएर सामाजिक बहिष्कारसम्म हुने गरेको छ । यसले अरु हिंसा बढाएको छ । महिलालाई शिक्षामा पूर्ण बनाउनु पर्छ । समाजमा प्राप्त हुने सुविधा र अवसरहरुमा विभेद गरिनु हुँदैन । अबका महिला आत्मनिर्भर भएर बाँच्नु भनेको एक प्रकारले हिंसा न्यूनीकरण हुनु हो । यसैले १६ दिने लैङ्गिक हिंसाविरुद्धको अभियानले महिला हिंसामा न्यूनीकरण गरोस् । महिला अथवा तेस्रो लिङ्गी कोहीलाई पनि हिंसाविरुद्धको अभियानले सार्थकता मिलोस् यही कामना !

# लैङ्गिक हिंसा : बुझौँ, रोकौँ, सशक्त बनौँ

गीता सुवेदी

कुनै अस्वस्थ सामाजिक भूमिका, शक्ति असन्तुलन वा असमानताको कारणले हिंसा हुन्छ । प्रायः महिलामाथि हिंसाको प्रवृत्ति बढी देखिन्छ तथापि हिंसा सबै ठाउँमा र जो कोहीलाई पनि हुन सक्छ । घर, कार्यालय वा सार्वजनिक ठाउँमा नजानेर वा जानेर हिंसा भइरहेको हुन्छ वा देखिन्छ । हिंसा केवल शारीरिक हानि वा नोक्सानीमा मात्र सीमित छैन, यो मानसिक, प्राविधिक, सामाजिक वा आर्थिक रूपमा पनि भइरहेको देखिन्छ ।

नेपालको सन्दर्भमा हिंसाका स्वरूप धेरै देखिन्छन् । शारीरिक हिंसा जस्तै- कुटपिट, धक्का, पिट्ने, आगो लगाउने वा अन्य प्रकारका हानिकारक शारीरिक कार्यहरू देखिन्छन् । यौनिक हिंसामा बलात्कार, जबरजस्ती, वैवाहिक बलात्कार र यौन शोषण जस्ता कार्यहरू देखिन्छन् । मनोवैज्ञानिक वा भावनात्मक हिंसामा धम्की, अपमान, एक्ल्याउने, नियन्त्रण वा घृणा गर्ने जस्ता कार्यहरू देखिन्छन् । आर्थिक हिंसामा पैसा, सम्पत्ति, शिक्षा वा रोजगारीमा नियन्त्रण गर्ने, आर्थिक रूपमा परनिर्भर बनाउने जस्ता कार्यहरू देखिन्छन् । प्राविधिक वा डिजिटल हिंसामा साइबर बुलिङ, अनुमति विना फोटो/भिडियो सार्वजनिक गर्ने, अनलाइनबाट पछ्याउने, गलत कुराहरू प्रचार गरेर कसैको अपमान गर्नेलगायतका गतिविधिहरू देखिन्छन् ।

यसैगरी हाम्रो समाजमा परम्परागत रूपमा रहेका हानिकारक अभ्यासहरू जस्तै- बालविवाह, दाइजो, बोक्सीको आरोप, छाउपडी, जातीय भेदभाव जस्ता कार्यहरूले हिंसालाई थप प्रोत्साहन दिइरहेका छन् । पितृसत्तात्मक समाज, शक्ति असन्तुलन, रुढीवादी परम्परा, आर्थिक परनिर्भरता, कमजोर कानूनी कार्यान्वयन र रिपोर्ट गर्दा सामाजिक कलङ्क हुने डरले हिंसा लामो समयसम्म जारी रहिरहेको देखिन्छ । जसका कारणले शारीरिक चोटपटक, अपाङ्गता, मानसिक स्वास्थ्यमा असर (चिन्ता, निराशा), आर्थिक अवसरको ह्रास र शिक्षामा कमजोर उपलब्धि आइरहेको देखिन्छ । कानूनहरू बनेका छन् तर तिनको कमजोर कार्यान्वयन, कानूनलाई लागू गर्न पर्याप्त बजेटको कमी, सरोकारवालामा जिम्मेवारीको कमी, दण्डहीनताको अवस्था, पितृसत्तात्मक सोच, जे गरे पनि केही हुँदैन भन्ने मानसिकता र कानूनी साक्षरताको कमीले गर्दा हिंसा दिनदिनै बढिरहेको देखिन्छ । जसले गर्दा नेपालले अन्तर्राष्ट्रियस्तरमा राखेका प्रतिबद्धता, लैङ्गिक समानता र हिंसामुक्त समाजको परिकल्पना कागजमै सीमित हो कि जस्तो देखिन्छ ।

हिंसा प्रायः घरभित्रैबाट शुरू हुन्छ । चिनेजानेकाबाट बढी हुने गरेको देखिन्छ । जब दम्पतीबिच शक्ति असन्तुलन र नियन्त्रण हुन्छ त्यहाँ हिंसा बढ्न थाल्छ । हिंसाका स्वरूपहरू फेरिएका देखिन्छन् । पुरुष वा परिवारका सदस्यहरूले महिलालाई अनावश्यक रूपमा नियन्त्रण गर्ने, बाहिर जान नदिने, सम्पत्ति वा स्रोतमा नियन्त्रण राख्ने कार्यहरू पनि हिंसाका स्वरूप हुन् । अनावश्यक रूपमा मोबाइल वा सन्देशहरू जाँच गर्ने, परिवारका सदस्यहरूसँग भेटघाट गर्न नदिने, बाहिर काम गर्न जान नदिने जस्ता व्यवहार विस्तारै दुर्व्यवहार र हिंसामा परिणत हुन्छन् । हिंसा जो कोहीबाट पनि हुन सक्छ । कानूनको अनुपालन नहुने स्थिति कसैलाई क्षम्य हुँदैन भन्ने सन्देश दिन पनि आवश्यक देखिन्छ ।

धेरैजसो घरमा केटीहरूलाई आज्ञाकारी, सेवक बनाइने प्रयास गरिन्छ । यसले महिलाहरूलाई हिंसा सहन बाध्य बनाउँछ । श्रीमानले श्रीमतीलाई 'अनुशासित' बनाउने अधिकार राख्छन् भन्ने सोच, महिलाले जस्तो भए पनि सहनैपर्छ भन्ने धारणा र महिलाले घरका सबै काम गर्नैपर्छ भन्ने मान्यताले पनि हिंसा बढाइरहेका छन् । व्यक्तिलाई व्यक्तिका रूपमा सम्मान गर्न आवश्यक छ । स्कूलबाट नै यो शुरू गर्ने, भड्किलो व्यवहारलाई नियन्त्रण गर्ने संस्कार विकास गराउन आवश्यक छ । शिक्षा र आर्थिक सशक्तिकरणले धेरै हदसम्म हिंसा नियन्त्रण गर्न सहयोग पुग्न सक्छ ।

अझै पनि हाम्रो समाजले महिलाहरूलाई आर्थिक रूपमा परनिर्भर बनाएको छ जसले साना-साना कुरामा पनि पुरुषमाथि निर्भर हुन बाध्य पारेको छ । हिंसा एकैदिनमा हुने होइन समयसँगै बढ्दै जाने प्रक्रिया हो । हेप्ने, गाली गर्ने, धम्की दिने, चरित्रहीनको आरोप लगाउने, पिट्ने, हतियार प्रयोग गर्ने वा जलाउने जस्ता हिंसाका रूपहरू पनि देखिन्छन् । पार्टनरको सहमति विना यौनसम्पर्क गर्ने, सासू-बुहारीबिच नियन्त्रण वा झगडा गराइदिने, महिलाले महिलालाई नै हेप्छन् भन्ने मिथ्या फैलाइदिने, दाइजोको लागि दबाव दिने, खानपिन वा सुताइमा रोक लगाउने, गर्भवती महिलालाई गाह्रो काम लगाउने जस्ता हिंसा भइरहेका देखिन्छन् ।

जाँड-रक्सी वा लागूऔषध खाएपछि झगडा गर्ने, रिसाउने वा आक्रामक व्यवहारले पनि हिंसा बढाइरहेको देखिन्छ । परिवार भत्कने डर, सामाजिक प्रतिष्ठामा आँच आउने डर, कानूनी झमेलाको भय, परिवारबाट मिलेर बस्न समाजले दिने दबाव, आर्थिक परनिर्भरता, कमजोर कानुनी कार्यान्वयन र लाजशरम जस्ता कारणले पनि महिलाहरू वा पीडितहरू हिंसा सहन बाध्य भएका देखिन्छन् । यसले शारीरिक तथा मानसिक स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ । बच्चाहरू डर र हिंसापूर्ण व्यवहारका साक्षी बनेर दीर्घकालीन रूपमा प्रभावित भएका छन् । यसले हाम्रो समाजलाई दीर्घकालीन गरिबीको चपेटामा पारिरहेको छ ।

त्यसैगरी कार्यालय वा संस्थाभित्र पनि हिंसा भइरहेका देखिन्छन् । होच्याउने, शक्ति वा पदको दुरुपयोग गर्ने, हानि पुर्‍याउने, नियन्त्रण गर्ने जस्ता हिंसाका स्वरूप देखिन्छन् । म्यानेजरले पद वा शक्तिको दुरुपयोग गरी कर्मचारीमाथि शोषण गरेको पाइन्छ । भनेको मानेन भने जागिरबाट हटाइदिने, कामको बढी भार पारिदिने, मिटिङ वा निर्णयबाट वञ्चित गराउने, योग्य महिला हुँदाहुँदै पनि स्थान नदिने, कर्मचारीलाई समूह कार्यबाट अलग पार्ने, गलत तरिकाले छुने, यौनिक कार्यका लागि बाध्य पार्ने, व्यक्तिगत स्पेसको अतिक्रमण गर्ने, बदनियत तरिकाले तलब रोक्ने, पद झार्ने, विना कारण सरुवा गर्ने वा गरिदिन्छु भन्ने जस्ता धम्की दिने कार्यहरू भइरहेका देखिन्छन् । नियतवश अत्यधिक निगरानी गर्ने, आरोप लगाउने, सार्वजनिक अपमान गर्ने, विषाक्त कार्य वातावरण बनाउने जस्ता कार्यले हिंसा बढाइरहेका छन् । त्यस्ता कार्यहरू जागिर जाने डर वा लाजका कारण धेरैले लुकाएर राख्छन् । यी सबै हिंसाका स्वरूप हुन् जसलाई सुझबुझपूर्ण तरिकाले सम्बोधन गर्न आवश्यक छ ।

यदि सुरक्षित रिपोर्टिङको व्यवस्था छैन भने हिंसा अझ बढ्छ । विषाक्त वातावरणले हिंसा बढ्ने सम्भावना धेरै हुन्छ । यौनवादी मजाकलाई सामान्य ठान्ने, वरिष्ठलाई संरक्षण गर्ने, समर्थक नेतृत्वको अभाव, कमजोर नीति, बोल्ने संस्कृतिको कमी, शक्ति असन्तुलन, कर्मचारीमा कानुनी जानकारीको कमी जस्ता कारणले पनि कार्यस्थलमा हिंसा बढ्छ वा बढाइरहेको देखिन्छ । यसले मानसिक स्वास्थ्यमा असर, चिन्ता, नैराश्यता, आत्मविश्वास घट्ने, 'स्टाफ टर्नओभर' बढ्ने, असमान करियर प्रगति, असुरक्षित वातावरण र दीर्घकालीन स्वास्थ्य समस्याहरू देखा पारिरहेको छ ।

हिंसा नियन्त्रण सामूहिक जिम्मेवारी हो । यस्ता हिंसा रोक्नका लागि व्यापक रूपमा जनचेतना बढाउन आवश्यक छ । यसका लागि हिंसा के हो र के होइन पनि बुझ्नुपर्छ । हिंसाका लक्षण र हानिकारक अभ्यास पत्ता लगाउनुपर्छ । हिंसा सहेर नबस्ने र अरूलाई पनि बोल्न प्रोत्साहित गर्ने संस्कारको विकास गर्नुपर्छ । गोप्य तरिकाले विश्वास गरिएको व्यक्ति वा सम्बन्धित निकायलाई जानकारी दिने कुरा संस्थागत गर्नुपर्छ । रिपोर्ट गर्दा तथ्य-सूचना सही छ कि छैन जाँच्ने कुरा पनि हुनुपर्छ र गोपनीयता कायम राख्ने कुराले पनि हिंसा कम गर्नलाई सहयोग गर्छ । पीडितलाई विना शर्त समर्थन वा सहयोग गर्नुपर्छ । विना फैसला उसको कुरा सुन्ने र सेवा प्रदायक निकाय जस्तै- प्रहरी, मनोपरामर्शदाता, कानुनी निकाय, न्यायिक समिति, सुरक्षित बसोबास केन्द्र वा सामाजिक कार्यकर्तासँग सिफारिश गरिदिन सकिन्छ ।

समुदायमा जनचेतना जगाउन अत्यन्तै जरुरी देखिन्छ । जीवनको ऊर्जाशील समय अनावश्यक सामाजिक अभ्यासमा देखा पारिरहेको छ । सभ्य र समुन्नत समाजको निर्माण गर्न हिंसामा शून्य सहनशीलता जरुरी छ । आध्यात्मिक व्यक्तिहरूको परिचालन पनि राम्रो अभ्यास हुन सक्छ । अभियान, छलफल, संवाद र चेतना कार्यक्रम चलाउन जरुरी देखिन्छ । महिलामाथि हुने हिंसाका सन्दर्भमा पुरुषहरूको सहभागिताले पनि हिंसालाई केही हदसम्म कम गर्न सक्छ ।

नेपालको सन्दर्भमा कानूनको कार्यान्वयनमा ध्यान दिन आवश्यक छ । धेरै राम्रो कानूनी प्रबन्ध भए पनि कमजोर कानूनी कार्यान्वयनले गर्दा हिंसा बढिरहेको देखिन्छ । कानूनी साक्षरता बढाउने प्रयास अत्यन्त जरुरी छ । प्रहरी, स्थानीय सरकार र रोजगारदातालाई जिम्मेवार बनाउनुपर्छ । पीडितलाई छिटो भन्दा छिटो मनोपरामर्श दिने व्यवस्था, सुरक्षित आवास, कानूनी सहयोग प्रदान गर्न जरुरी छ ।

घरमा सम्मानजनक सम्बन्ध, स्वस्थ सञ्चार र जिम्मेवारीको न्यायोचित वितरणले पनि हिंसा कम गर्न मद्दत गर्छ । समाजमा रहेका परम्परागत हानिकारक अभ्यासलाई चुनौती दिनु र बालबालिकालाई सुरक्षित व्यवहार सिकाउनु हाम्रो साझा जिम्मेवारी हो । व्यक्तिगत रूपमा पनि सञ्चार-सीप, सकारात्मकता, आत्म-पहिचान, रिस र संवेदनाको सन्तुलन कसरी गर्ने भन्ने कुरा घर र विद्यालय दुवैबाट सिकाउनुपर्छ । बालबालिकालाई हिंसा के हो र के होइन भन्ने कुरा सँगैसँगै बुझाउनुपर्छ ।

ससाना प्रयासहरूले पनि हिंसा कम गर्न ठूलो योगदान दिन सक्छन् । उदाहरणका लागि- वडावडामा लैङ्गिक हिंसासम्बन्धी अभिमुखीकरणका लागि बजेट छुट्याउने र कार्यान्वयन गर्ने, घरदैलो कार्यक्रम, सडक नाटक, विद्यालयमा लिङ्गमा आधारित हिंसासम्बन्धी कार्यक्रम, शिक्षक प्रशिक्षणमा लिङ्गमा आधारित हिंसासम्बन्धी विषयवस्तु समावेश, प्रत्येक कार्यालयमा तालिम प्राप्त लैङ्गिक सम्पर्क व्यक्ति अनिवार्य बनाउने, सुझाव पेटिका राख्ने, हटलाइन नम्बर सार्वजनिक गर्ने, स्थानीय प्रहरीसँग मिलेर आत्मरक्षा तालिम सञ्चालन गर्ने, लिङ्गमा आधारित हिंसासम्बन्धी तथ्यहरू सार्वजनिक गर्ने, नागरिक समाज सङ्गठनलाई जिम्मेवार बनाउने, चेतनामूलक भिडियो प्रसारण गर्ने, गीत-कविता-कथा लैङ्गिक उत्तरदायी बनाउने जस्ता अभ्यासहरूले पनि लैङ्गिक हिंसामुक्त समाज निर्माणमा ठूलो योगदान पुर्‍याउन सक्छन् ।

अहिलेको समय समानता र न्याय, पारस्परिक सम्मान र सामूहिक जिम्मेवारी बढाउने समय हो । यो समय, समान नेतृत्व र कानूनको प्रभावकारी कार्यान्वयनमार्फत् सशक्तिकरण र परिवर्तनको समय हो । गलत र हानिकारक अभ्यासलाई चुनौती दिन शिक्षा र सशक्तिकरणबाट परिवर्तन खोजेको समय हो । लैङ्गिक समानता प्राप्त गर्न महिलाहरूलाई सशक्त बनाउन अत्यन्तै आवश्यक महसुस भएको समय हो । यो केवल आधारभूत मानव अधिकारको कुरा मात्र होइन; शान्ति, समृद्धि र दिगो विकासका आधार पनि हुन् । कानुनी प्रावधानलाई व्यक्तिगत तथा सार्वजनिक जीवनमा लागू गर्नैपर्ने बेला आएको छ । घरायसी कामलाई पनि मूल्याङ्कन गरी राष्ट्रिय जीडीपीमा जोड्न धेरै ढिला भइसकेको छ । नेतृत्वमा महिलाहरूलाई संविधानले परिकल्पना गरेअनुसार ल्याउन अझै धेरै प्रयास आवश्यक देखिन्छ जसले हिंसामुक्त समाज निर्माणमा धेरै योगदान पुर्‍याउने कुरामा कुनै शङ्का छैन । ससाना कदमहरूले पनि लैङ्गिक समानता प्राप्त गर्न ठूलो योगदान पुर्‍याउन सक्छन् । हिंसा गर्नु वा सहनु दुवै गलत अभ्यास हुन् । हिंसामुक्त समाज निर्माण गर्नु हामी सबैको साझा जिम्मेवारी हो । आजैदेखि महसुस गरौँ र सबै मिलेर मानिसलाई मानिसको रूपमा व्यवहार गर्न सिकौँ । पद र शक्तिको दुरुपयोग नगरि समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय सपना पूरा गर्नतर्फ लागौँ ।

उज्यालोबाट

## कांग्रेसमा...

यस्तै क्षेत्रका जिल्ला समिति सदस्यहरु, पालिका सभापतिहरुले पनि पोखरेलको पक्षमा हस्ताक्षर गरेका छन् ।

तर नेपाली कांग्रेस क्षेत्रीय सभापति वसिउल्लाह मुसलमानले बैठकमा शाहको नाम मात्र प्रस्ताव आएको र कसैले शाहको नाममा विरोध नगरेकाले एकल सिफारिश गरिएको बताए । उनले इतर पक्षबाट उम्मेदवार सिफारिश भएका पोखरेल र भुसाल पार्टीको कारबाहीमा परेका व्यक्ति भएकाले उनीहरुलाई बैठकमा नबोलाइएको बताए । तर पोखरेलले भने कारबाहीको सिफारिश कार्यान्वयन नभई पेण्डिङ अवस्थामै रहेको बताए ।

शाह पक्षबाट प्रतिनिधिसभा सदस्य समानुपातिकतर्फ क्षेत्रीय सभापति बसिवुल्लाह मुसलमान र मामकला थापा तथा राष्ट्रियसभामा सूर्यमति उपाध्याय र शेषमन यादवलाई सिफारिश गरेको छ । संस्थापन इतरले प्रतिनिधिसभा सदस्य समानुपातिकमा अधिवक्ता शेषमन यादव, डोलबहादुर थापा, दिलमाया कंडेल, खडानन्द खनाल र सीता पोखरेल तथा राष्ट्रियसभामा रघुनाथ घिमिरे, इन्द्रबहादुर जीसी र कल्पना ढकाललाई सिफारिश गरेको छ ।

रुपन्देही ५ प्रदेशसभा क्षेत्रीय सह-सचिव जितेन्द्र यादवले पाँचपटक उम्मेदवार र तीनपटक चुनाव जितेका र २०७९ को चुनावमा दश हजार मतान्तरले एमाले उम्मेदवार बासुदेव घिमिरेसँग पराजित पुराना नेतालाई उम्मेदवार सिफारिश गर्नु जेनजी आन्दोलनको मर्म र भावना विपरीत भएकाले क्षेत्रमा पार्टीको युवा पुस्ता समेत विपक्षमा रहेको बताए । 'पार्टीकै युवा पुस्ता र आम मतदाताले युवा पुस्ता खोजिरहेको बेला पटक पटक परीक्षण भइसकेका नेता सिफारिश गर्नु गलत छ।'-यादवले भने ।

**कपिलवस्तु**

कपिलवस्तु क्षेत्र नम्बर २ मा प्रत्यक्षतर्फ सुरेन्द्र राज आचार्य, रवि ठाकुर, विक्रम सिंह थापा र गोपी कृष्ण शर्मा तथा समानुपातिकतर्फ रिना नेपाल विक, मीना केसी, माया ज्ञवाली र फागुप्रसाद धोबीलाई तथा राष्ट्रियसभामा जवाहर थारु रेश्मीराज अधिकारी र दिपेन्द्र नाथ शुक्लाको नाम सिफारिश भएको क्षेत्रीय सभापति केशवकुमार श्रेष्ठले जानकारी दिए ।

क्षेत्र नम्बर ३ मा प्रत्यक्षतर्फ वीरेन्द्रकुमार कनौडिया तथा समानुपातिकतर्फ मधेसी कोटामा ब्रह्मानन्द उपाध्याय, मुस्लिम कोटामा अखिल मिया तथा जनजाति कोटामा तारा चौधरीको नाम जिल्ला सिफारिश भएको क्षेत्रीय सभापति ब्रह्मानन्द उपाध्यायले जानकारी दिए । कपिलवस्तु क्षेत्र नं. १ मा पार्टीको दुई पक्षबिच विवाद भएकाले उम्मेदवार सिफारिश गर्न नसकिएको क्षेत्रीय समितिले जनाएको छ ।

**दाङ**

नेपाली कांग्रेस दाङ क्षेत्र नम्बर १ ले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४ जनाको नाम सिफारिस गरेको छ ।

केन्द्रीय सदस्य योगेन्द्र चौधरी, महासमिति सदस्यद्वय जानकीलाल बस्नेत, कमल किशोर घिमिरे र महाधिवेशन प्रतिनिधि प्रदीपराज शर्माको नाम प्रत्यक्षतर्फ सिफारिस गरिएको क्षेत्रीय सभापति भेषराज पाण्डेले जानकारी दिए ।

## केन्द्रीय...

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माको नाम झापा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारका लागि एकल सिफारिस भएको छ । आसन्न प्रतिनिधिसभा चुनावका लागि मोरङ-६ बाट नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाको एकल उम्मेदवारी सिफारिस भएको छ।

प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको मंगलबार बसेको बैठकले चुनावका लागि प्रत्यक्षतर्फको उम्मेदवारमा एकल नाम सिफारिस गरेको हो। नेता कोइरालाको नाम सर्वसम्मत एकल सिफारिस भएको उनका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले जानकारी दिए । यसअघि मोरङ-३ बाट डा. सुनिल शर्माको नाम एकल सिफारिस भएको थियो ।

पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको नाम कैलाली-५ बाट सिफारिसमा परेको छ । नेपाली कांग्रेसको प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको मंगलबार बसेको बैठकले केन्द्रीय सदस्य राणाको नाम प्रत्यक्षतर्फको उम्मेदवारका लागि जिल्ला कार्यसमिति समक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

क्षेत्रीय कार्यसमितिले पूर्वमन्त्री राणासँगै डिल्लीराज पन्त, नरनारायण शाह 'मनु' र नृपबहादुर ओडको नाम सिफारिस गर्ने निर्णय गरेको प्रवक्ता प्रदीप पाठकले जानकारी दिए । प्रत्यक्षतर्फ उम्मेदवारका लागि सिफारिसमा परेका पन्त विघटित प्रतिनिधिसभाका सदस्य हुन् । उनी गत निर्वाचनमा कैलाली-५ बाट नेकपा एमालेका नारदमुनि रानालाई पराजित गर्दै प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका थिए ।

नवलपुर २ बाट संघीय सांसदमा प्रत्यक्ष तर्फको लागि नेपाली कांग्रेसको तर्फबाट युवा नेता शंकर तिवारीको नाम सिफारिस भएको छ । उनी कांग्रेसको तर्फ बाट सिफारिस भएकामध्ये सबैभन्दा कान्छा उम्मेदवार हुन् । २०७९ को निर्वाचनमा पनि उनको नाम प्रत्यक्षतर्फ सिफारिस भएको थियो ।

पर्सा क्षेत्र नम्बर ४ बाट नेपाली कांग्रेसका उम्मेदवारमा रमेश रिजालको नाम सर्वसम्मत सिफारिस गरिएको छ। क्षेत्रीय समितिको बैठकले प्रत्यक्षतर्फ रिजालको एकल नाम सिफारिस गर्ने निर्णय गरेको हो । गत निर्वाचनमा रिजालले यही क्षेत्रबाट जितेका थिए ।

## फराकिलो...

१.१ ओभरमा विराटनगरले तीन रन बनाउँदा तीन विकेट गुमाएको थियो । पावर प्लेमा विराटनगरले तीन विकेट गुमाएर मात्र ३४ रन बनायो ।

विराटनगरलाई कम स्कोरमा रोक्न सुदूरपश्चिमका लागि हरमित सिंह, अविनास बोहरा र स्कट कुग्लेजिनले समान दुई विकेट लिए । हेमन्त धामी र दीपेन्द्रसिंह ऐरीले समान एक विकेट आफ्नो नाममा गरे ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको पहिलो क्वालिफायरमा पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले सात विकेटको क्षतिमा एक सय ५५ रनको योगफल तयार पारेको थियो । सुदूरपश्चिमका लागि ओपनर विनोद भण्डारीले सर्वाधिक ६३ रनको योगदान दिए । उनले ५२ बलमा तीन चौका र दुई छक्का प्रहार गरे । उनले ४४ बलमा तीन चौका र एक छक्काको सहयोगमा अर्धशतक पूरा गरेका थिए । आरिफ शेखले २० रन बनाउँदा क्याच आउट भए। स्कट कुग्लेजिन एक रनमा नटआउट रहे ।

त्यस्तै, ११ बलमा दुई चौका र एक छक्काको सहयोगमा २० रन बनाएका सेल्डन ज्याकसन सूर्य तामाङको बलमा विकेटकिपर लोकेश बमबाट आउट हुन पुगे । ११ बलमा १४ रन बनाएका हरमित सिंह प्रतिश जिसीको बलमा साम हेटलेजको हाटबाट क्याच आउट भए । इशान पाण्डे १३ रनमा आउट भए । ओपनर मुख्तर अहमद १० रन बनाउँदा मर्चेन्टको बलमा बोल्डआउट भए । कप्तान दीपेन्द्रसिंह ऐरी तीन रनमा रनआउट हुन पुगे ।

विराटनगरका लागि मार्चेन्ट डे लाङ्गे र प्रतिश जिसीले दुई-दुई विकेट लिए । सूर्य तामाङ र साम हेजलेटले समान एक विकेट लिए । एनपीएलको पहिलो खेलमा विकेटविहीन बनेका कप्तान सन्दीप लामिछानेले आफ्नो स्पेलमा १६ रन दिए ।


## सूचना । सूचना ।। सूचना ।।।

नेपाल नेत्र ज्योति संघ,लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर भैरहवाद्धारा संचालित आँखा अस्पताल तथा विभिन्न आँखा उपचार केन्द्रहरुको लागि देहायका पदहरुमा करारमा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्य ईच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त फारम भर्न यो सूचना आब्हान गरिएको छ।

| S.N. | Designation | Req. No. | Academic Qualification | Remarks |
|---|---|---|---|---|
| 1 | Optometrist, G-3rd, Level 10(Tech.) | 1 | B. Optometrist Degree | Registered in NHPC & experience in Low Vision |
| 2 | Infection Control & Surveillance Officer, G-3rd, Level 10 (Tech.) | 1 | Bachelor in Public Health | Donor supported and only for allocated time in project basis. |
| 3 | Lab Technician NG-1st, Level 8(Tech.) | 1 | CMLT Pass | Registered in NHPC |
| 4 | Pharmacy Assistant NG-1st Level 8(Tech.) | 1 | Diploma in Pharmacy | Registered in NPC |
| 5 | Office Assistant, NG-2nd, Level-6(Non-Tech.) | 1 | 12 pass | Experience is Preferred in optical shop related works. |
| 6 | Minor OT Assistant. NG-2nd, Level-6(Tech.) | 1 | CMA Pass | Registered in NNC |
| 7 | ENT Assistant, NG-2nd, Level-6(Tech.) | 1 | CMA Pass | Registered in NNC |
| 8 | Office Helper, Level-1 (Non-Tech) | 1 | 10 pass | Experience is Preferred |

**सेवाको किसिम र अवधि :-**

- उम्मेदवारहरुको छनौट अन्तर्वाताको माध्यमवाट गरिनेछ।
- करार/कार्य सम्पादनको आधारमा करार अवधि थप गर्दै लान सकिनेछ।
- सेवा,शर्त र सुविधा नेपाल नेत्र ज्योति संघको नियमानुसार(करार सम्झौता अनुसार) हुनेछ।
- **उमेर**:- अधिकृत स्तर(अप्राविधिक) पदको लागि १८ बर्ष उमेर पुगेको र ३५ बर्ष उमेर ननाघेको,अधिकृत स्तर (प्राविधिक) पदको लागि १८ बर्ष उमेर पुगेको र ४० बर्ष (महिलाको हकमा ४५ वर्ष) उमेर ननाघेको तथा अन्य स्तरको लागि १८ बर्ष उमेर पुगेको र ३५ बर्ष र महिलाको हकमा ४० बर्ष) ननाघेको हुनुपर्ने।
- शैक्षिक योग्यताको प्रमाणपत्र,नागरिकता,वायोडाटा लगायत अन्य आवश्यक कागजातको प्रतिलिपी राखि दरखास्त पेश गर्नु पर्नेछ।
- **दरखास्त फारम शुल्क** :- अधिकृत स्तरको लागि रु.१०००/- सहायक तथा अन्य स्तर रु.५००/-
- दरखास्त फारम नेपाल नेत्र ज्योति संघ, रुपन्देही शाखाको कार्यालयबाट उपलब्ध हुनेछ।
- अन्तर्वाताको मिति र समय अर्को सूचनाद्धारा जानकारी गराईनेछ।

थप बिस्तृत जानकारीको लागि

**नेपाल नेत्र ज्योति संघ**

रुपन्देही शाखा फोन नं.०७१-५२४३३६



लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

## सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही

भैरहवा ,रुपन्देही

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

Date of publication: 2082/08/24

यस कार्यालयबाट प्रकाशित विद्युतिय बोलपत्रको आव्हानको सूचना अनुसार तोकिएको मिति भित्र विद्युतिय प्रणालीमा दाखिला भएका बोलपत्रहरुमध्ये बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन गरी न्यूनतम मुल्यांकित वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुदा यस कार्यालयको निर्णय अनुसार बिद्युतिय खरिद प्रणाली संचालन निर्देशिका २०८० को ३४ (१) र सार्वजनिक खरिद ऐन २०६३ संशोधन सहितको दफा २७ (१) अनुसार तपसिलका वोलपत्र दाताहरु सारभूतरुपमा प्रभावग्राही न्यूनतम मुल्यांकित वोलपत्रदाताको रुपमा छनौट भएको हुदा सोही ऐनको दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकशित गरिएको छ।

| S. N | Contract No/IFB | Bidder Name and Address | Evaluated Amount(without Vat andPS) NRs |
|---|---|---|---|
| 1 | SDDO/NCB-06/082/083 | A.R Builders and Suppliers Pvt.Ltd, Kathmandu | 24,14,082.9 |
| 2 | SDDO/NCB-07/082/083 | Deurali Construction Butwal16, Rupandehi | 23,96,990.73 |
| 3 | SDDO/NCB-13/082/083 | Arch Tech Builders Pvt.Ltd. Kathmandu | 17,90,866.51 |
| 4 | SDDO/NCB-14/082/083 | Dablam Nirman Sewa Resunga-3,Gulmi | 13,47,803.53 |
| 5 | SDDO/NCB-15/082/083 | Divyam Builders Pvt. Ltd, Kathmandu | 18,34,350.44 |
| 6 | SDDO/NCB-16/082/083 | Divyam Builders Pvt. Ltd, Kathmandu | 46,57,957.45 |

Office Chief



## श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह

सरावल गा.पा.-१, नवलपरासी (ब.सु.प.)

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

प्रथम पटक प्रकाशन मिति २०८२/०८/२४ गते

यस श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, सरावल गा.पा.-१, नवलपरासी (ब.सु.प.)को वनमा पुनरुत्पादन कटानवाट उत्पादन भै सरावल गा.पा.-१, नवलपरासी (ब.सु.प.)को घाट्गद्दीमा लट बनाई राखिएको विभिन्न ग्रेडको तपसिलमा उल्लेख भए बमोजिमको गोलिया थान र परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन मिति २०८२/०९/१६ गते भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यो सुचनासँग सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल:**

| लट नं. | सि.नं. | जात | गोलिया संख्या | काठको परिमाण (घ.फि.) |
|---|---|---|---|---|
| १ | १ | कुसुम | ४८ | ३१२.६३ |
| | २ | जिङ्गड | ११ | ६९.२० |
| | ३ | पहरा | ६ | ३८.१० |
| | ४ | बाझी | ८० | ४५९.०३ |
| जम्मा | | | १४५ | ८७८.९५ |
| २ | १ | कुसुम | ३३ | २७०.४२ |
| | २ | जिङ्गड | २८ | २३६.५७ |
| | ३ | बाँझी | ८१ | ८००.८८ |
| जम्मा | | | १४२ | १३०७.८७ |

अध्यक्ष



## ईमरेट्स. आईडी तथा एटीएम भिसा कार्ड हराएको सूचना

मेरो निम्न व्यहोराको विवरण भएको ईमरेट्स. आईडी र एटीएम कार्ड मिति २०८२।०८।२१ गते सुनवलको वडा नं. ९ काशिपुरबाट परासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी चौकी र प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नाम-:** दिपक कुमार चौधरी
**ईमरेट्स. आईडी नं.:** ७८४०-१९९७-९६५२१७४D
**एटीएम कार्ड नं.:** ५३३१९१००६९७१७६८३
**ठेगाना -:** सुनवल न. पा. -९ काशिपुर नवलपरासी (ब.सु.प.)
**सम्पर्क नं:.** ९८००७०६५१५



Lumbini Province Government
Ministry of Energy,Water Resources and Irrigation

## Water Resources and Irrigation Development Division Office

Taulihawa, Kapilvastu

## Invitation for Bids

Date of Publication: 2082-08-24 (10thDec., 2025)

WRIDDO, Kapilvastu invites electronic bidsfrom eligible bidders for the Works as mentioned in table below under National Competitive Bidding and Sealed Quotation. For further information,visit PPMO's website www.bolpatra.gov.np/egp.

**Description of Projects**

| SN | Package No./Contract No. | Estimated Cost withVAT and PS(NRs.) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 1 | WRIDDO/KAPILVASTU/ NCB/01/MORMI/082/83 | 97,40,809.13 | 2,50,000.00 | 3,000.00 |
| 2 | WRIDDO/KAPILVASTU/ SQ/01/SUTHAULI/082/83 | 11.71692.52 | 30,000.00 | 1,000.00 |
| 3 | WRIDDO/KAPILVASTU/ SQ/02/GUDRUNG/082/83 | 10,95,814.52 | 28,000.00 | 1,000.00 |
| 4 | WRIDDO/KAPILVASTU/ SQ/03/LAMTIYA/082/83 | 1,169,127.33 | 31,000.00 | 1,000.00 |

Division Chief



## Musikot Municipality

Office of the Municipal Executive
Wamitaksar, Gulmi

## Invitation for Sealed Quotations

**Date of publication: 2082/08/24 (10-12-2025)**

1. The Office of Musikot Municipality has allocated funds to cover eligible payment under the Contract for following projects.

| S.N. | Goods Package/ Contract No | Description of works | Estimated Amount With VAT (NRs.) | Bid amount NRs | Bid security Amount NRs. | Last date for Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | MMEB21/SQ/ RMCW-5/ Hadikhola-Phursey Paira Bagar/2082-083 | Riverbed materials extraction work from Hadikhola-Phursey Paira Bagar/2082-083 | 520053/- | 1,000/ | 5 Percent of bid price with inimum of 15000/ | (Dec.-26)/ 26-12-2025 13:00/ As per e-GP system. | |
| 2 | MMEB2/NCB/ RMCW-1/THIRD/ 2082-083 | Riverbed materials extraction work from Jhakkale Bagar/2082-083 | 3113300/ | 3000/ | 75000/ | (Dec.-28)/ 28-12-2025 13:00/ As per e-GP system. | |
| 3 | MMEB3/NCB/ RMCW-02/THIRD/ 2082-083 | Riverbed Material Extraction from Jhedi Bagar | 3391966/ | 3000/ | 75500/ | (Dec.-28)/ 28-12-2025 13:00/ As per e-GP system. | |

2. Bidding is open to all eligible Bidders. The Office of Musikot Municipality invites electronic bids/sealed Quotation from eligible bidders for riverbed material extraction work.
3. A complete set of Bidding Documents may be purchased from the online portal of PPMO . Please visit our website : www.musikotmungulmi.gov.np and online portal of PPMO (https://www.bolpatra.gov.np) for details about sealed quotations.



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



**राउटे समुदायलाई न्यायो कपडा वितरण गरिँदैः**
कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीको सहभागितामा सुर्खेतको लेकबेशी नगरपालिका-७ पुलटारमा रहेको राउटे समुदायका लागि न्यानो कपडा वितरण गरिँदै । सामाजिक विकास कार्यालय दैलेखको उक्त मौसमअनुसारका कपडा वितरण गरेको हो । तस्विरः हेमन्त केसी/रासस

# औद्योगिक प्रदर्शनीको ब्राण्ड स्थापित गर्न सहकार्यको प्रतिबद्धता

बुटवल । रुपन्देहीका उद्योगी-व्यवसायी तथा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरुले दशकौंदेखि बुटवलको पुसे औद्योगिक प्रदर्शनी तथा महोत्सवले आफ्नो ब्राण्ड बनाएकोले त्यसलाई कायम राख्न अहिलेको आयोजक संस्था रुपन्देही उद्योग संघलाई सुझाव दिँदै सहकार्यका लागि तयार रहेको प्रतिबद्धता जनाएका छन् । उनीहरुले पुसको प्रदर्शनी यो क्षेत्रको व्यवसायिक पहिचान मात्रै नभएर बलियो ब्राण्ड भएकाले पनि यसमा कुनै स्तर कम नहुनेगरी स्टलहरुलाई सहभागी गराउन र त्यसको आन्तरिक व्यवस्थापनमा चुस्त योजना बनाउन सुझाएका हुन् ।

पुस ३ गतेदेखि १७ गतेसम्म बुटवल मण्डमा संघले आयोजना गर्न लागेको १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवका विषयमा यस क्षेत्रमा रहेका संघसंस्थाहरुसँगको अन्तरसंवादमा सहभागीहरुले यहाँबाट सुरु भएको प्रदर्शनी र महोत्सवको पहिचान अहिले देशैभरी भए पनि यो तहमा कसैले गर्न नसकेकोले अझै त्यसमा परिस्कृत गराउनेगरी योजना बनाउन र बुटवल क्षेत्रलाई दीर्घकालीन रुपमा पर्यटन र प्रविधिमा प्रभाव पार्नेखालका कार्यक्रम अघि सार्न आग्रह गर्दै त्यसमा हातेमालो गर्न तयार रहेको प्रतिबद्धता जनाएका हुन् ।

'समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशिलताको विस्तार' नारा राखेर संघले आयोजना गर्न लागेको यो प्रदर्शनीमा स्वदेशी मात्रै उद्योगहरुलाई राख्ने प्रतिबद्धतालाई सम्मान गर्दै किर्ते स्टल राखेर बाहिर उत्पादन भएका वस्तु बिक्री नगराउन र समय गुज्रेका वस्तुहरु बेच्ने ठाउँको रुपमा विकास गर्ने वातावरण रोक्न उनीहरुको आग्रह थियो ।

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याललले नवप्रवर्धनमा जोडिएका युवा उद्यमीहरुलाई सहभागी गराएर अहिले बढिरहेको निराशा अवलोकनकर्तामार्फत् चिर्नुपर्ने बताउँदै हिजोको ब्राण्ड जोगाएर व्यवस्थापकीय विषयलाई ध्यान दिँदै संस्थागत सहकार्यबाट अघि बढ्न सुझाव दिए ।

# तानसेनमा नेकपाको एकता सन्देश सभा

पाल्पा । १६ वटा विभिन्न पार्टी तथा समूह मिलेर बनेको नेपाली कम्युनिष्ट पार्टीले पाल्पामा एकता सन्देशसभा गरेको छ । नेता तथा कार्यकर्ता गरी हजारौ जनताको सहभागितामा नेपाल कम्युनिष्ट पार्टीले तानसेनमा मंगलबार एकता सन्देश सभा गरेको हो ।

एकता सन्देशसभालाई सम्बोधन गर्दै नेपाली कम्युनिष्ट पार्टीका नेता प्रकाश ज्वालाले कांग्रेस र एमालेको बाट बनेको दुई तिहाईको नाममा प्रधानमन्त्री केपी शर्मा ओलीको निकै दम्भ, घमण्ड, बढेको, भ्रष्टचार कुशासन बढेको, अन्याय अत्याचारले सीमा नाघेकोले जेनजी विद्रोह भएको बताएका छन् । नेता ज्वालाले स्कुले विद्यार्थीहरुको हत्यामा तत्कालीन प्रधानमन्त्री ओली नै जिम्मेवार रहेकोले ओलीलाई कानुनी कारबाही हुनुपर्नेमा जोड दिए ।

मंसिर २७ देखि २९ मा हुने एमालेको ११औं महाधिवेशनमा कित केपी ओली ढल्छन्, कित एमाले फुट्छ, यो बाहेक एमालेमा अरु कुनै विकल्प नभएको नेता ज्वालाले दाबी गरेका छन् । टुक्रिएको एमाले पनि पुनः नेपाली कम्युनिष्ट पार्टीमा जोडिने नेता ज्वालाले दाबी गरेका छन् ।

नेता ज्वालाले एमाले अध्यक्ष ओलीकै दम्भ, घमण्ड र अराजकताको कारण विगतमा नेपाल कम्युनिष्ट पार्टी र नेकपा एमाले टुक्रिएको, दुई तिहाईको आफ्नै नेतृत्वको सरकार ढालेर दुई दुई पटक संसद विघटन गरेको आरोप लगाए ।

नेता ज्वालाले फागुन २१ गते हुने निर्वाचनमा नेपाली कम्युनिष्ट पाटी पहिलो नम्बरको पार्टी बन्ने र सुशासन कायम गर्न, भ्रष्टचारीहरुलाई छानी छानी कारबाही गर्ने आश्वासन दिए ।

१६ वटा विभिन्न पार्टी, समूह मिलेर बनेको नेपाली कम्युनिष्ट आम निर्वाचनपछि सबैभन्दा ठुलो पार्टीको रुपमा स्थापित हुने नेता ज्वालाले दाबी गरे । पार्टी एकता अहिले केन्द्र हुँदै प्रदेश, जिल्ला तहमा आएको र केही दिनमै वडातह सम्म लैजाने उनले बताए ।

एकता सभालाई नेपाली कम्युनिष्ट पार्टीका नेता एवं पूर्व उद्योगमन्त्री सोमप्रसाद पाण्डेले नेपालका धेरै जनता कम्युनिष्ट विचारधारा भएकोले देश बनाउन सबै कम्युनिष्ट विचाराधाराहरु नेपाली कम्युनिष्ट पार्टीमा समावेश हुनुपर्नेमा जोड दिए। अझै पनि देशमा संकट नहटेकोले जुनसुकै समयमा कल्पना नगरेका घटनाहरु हुन सक्ने भएकोले जेनजी विद्रोहका मागहरुलाई समेट्ने गरी राजनीतिक दलहरुले भूमिका निर्वाह गर्नुपर्नेमा नेता पाण्डेले जोड दिए ।

नेपाल कम्युनिष्ट पार्टीका नेता नेत्रप्रसाद पाण्डे देशको विकास, जनतालाई आर्थिक रुपमा बलियो र सुखी बनाउन नेपाली कम्युनिष्ट पार्टीमा आगामी निर्वाचनमा मतदान गर्न अनुरोध गरे । एकता सभामा त्रिभुवन बहुमुखी क्याम्पस स्ववियु सभापति मिलन घर्तीमगरले पार्टीमा रुपान्तरण जरुरी रहेको र नेतृत्वमा युवा पुस्ता बढीभन्दा बढी सहभागी गराउनुपर्नेमा जोड दिए ।

संविधानसभा सदस्य लिला सोमैले १६ घटकबाट निर्माण भएको पार्टीलाई वडातहसम्म एकता बद्ध गरेर जानुपर्ने बताइन् । विघटित नेकपा एकीकृत समाजवादी पाल्पाका अध्यक्ष एंव कम्युनिष्ट पार्टीका नेता अशोककुमार शाहीको अध्यक्षता र विघटित नेकपा माओवादी केन्द्र पाल्पाका संयोजक राजेन्द्र विश्वकर्माको सञ्चालनमा एकता सन्देशसभा भएको थियो ।

पाल्पाको १० वटै पालिकाबाट आएका नेता, कार्यकर्तासहितको टोली तानसेनको टुँडिखेलबाट पञ्चेबाजा र नारा जुलुससहित तानसेन नगरपरिक्रमा गरी एकता सन्देशसभामा परिणत भएको थियो ।

# भैरहवासहित सबै भन्सारको काम ठप्प




भैरहवा । सोमबारदेखि भैरहवा भन्सारको काम ठप्पसँगै मंगलबारदेखि देशभरका भन्सार कार्यालय मंगलबारदेखि काम ठप्प भएको छ । भन्सार एजेन्ट महासङ्घको आह्वानमा देशभरका सबै कार्यालयको भन्सार जाँचपास ठप्प भएको हो ।

आइतबार वीरगंजमा एक एजेन्टका कर्मचारीले जाँचपास गर्दा गलत कागज समावेश गरी जरिवानामा परेपछि उत्पन्न समस्याहरुले वीरगञ्ज भन्सार कार्यालयमा काम भएन, सोमबार सोही समस्या सबै कर्मचारीमा हुन सक्ने भएपछि भैरहवामा पनि काम भएन ।

भैरहवाबाट अतिआवश्यक मालवाहक र केही पेट्रोलियम पदार्थको गाडी मात्रै जाँचपास भएको छ । भन्सार एजेन्ट महासंघ नेपालले विज्ञप्ति निकाल्दै नेपाल सरकारले भन्सार ऐन २०८२ को मस्यौदा तयारी गर्दाको समयदेखि नै भन्सार एजेन्ट महासंघ नेपालले मुलुकको अन्तर्राष्ट्रिय व्यापार सहजिकरण, भन्सार एजेन्टहरुको पेशा/व्यवसायगत हकहितका सम्बन्धमा भन्सार विभाग, अर्थ मन्त्रालयलगायत अन्य सरोकारवाला निकायहरुमा ऐनमा समेटिनु पर्ने विषयहरुका सम्बन्धमा पटक-पटक ध्यान आकर्षण गराएकोमा हाम्रा मागहरुलाई बेवास्था गर्दै जारी भएको भन्सार ऐन २०८२ मा उल्लेखित दफाहरुमा भन्सार एजेन्ट सेवाको क्षेत्रमा आबद्ध भन्सार एजेन्ट इजाजत पत्र प्राप्त व्यक्तिलाई हतोत्साहित पार्ने खालका दण्ड जरिवानाका प्रावधानले एजेन्ट पेशा/व्यवसायलाई प्रत्यक्ष असर पर्न जाने प्रति भन्सार एजेन्ट महासंघ नेपालको ध्यानकर्षण गराउदै आएको बताए ।

भन्सार ऐन २०८२ मा समावेश गरिएका कतिपय प्रावधानहरुले भन्सार एजेन्टहरुको पेशागत हकहित, काम गर्ने सहजता तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा समेत नकारात्मक असर पुर्याउने वातावरण सृजना भएको हुँदा विरोध स्वरूप भन्सार एजेन्ट महासंघ नेपालद्वारा मिति २०८२ मंसिर २३ गतेदेखि देशभरका भन्सार कार्यालयहरुमा पेन डाउनलगायतका विरोध कार्यक्रम सार्वजनिक गर्न बाध्य भएको अध्यक्ष प्राचीन थैवले बताए । 'उत्पन्न परिस्थितिलाई नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभागले समयमै समाधानका लागि पहल कदमी लिने अपेक्षा गर्दछौं । हामीले उठाएका मागहरुलाई समयमै समाधान नगरिए आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने व्यहोरा समेत विज्ञप्तिमार्फत् ध्यानाकर्षण गराईएको छ ।'- उनले भने ।

योसँगै देशमा हुने सबै प्रकारका मालवस्तुको आयात निर्यात रोकिएका छन् । तर लामो समयसम्म लबिङ गर्दा पनि निर्णय सच्याउनेतिर कुनै ध्यान नदिएपछि भन्सार जाँचपास नै अवरुद्ध गर्नुपरेको भन्सार एजेन्ट महासंघले जनाएको छ ।

महासंघले भन्सार ऐनमा भएका अव्यवहारिक व्यवस्थाहरू, सर्भरमा देखिएको निरन्तरको समस्या, र पेशागत हकहितका विषयलाई लिएर चरणबद्ध आन्दोलनअन्तर्गत पेनडाउन थालिएको महासंघले जानकारी दिएको छ । खासगरी दफा ७१ (झ) मा विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा कागजात अपलोड गर्दाखेरि भुलवश भएका गल्तीमा पनि जरिवाना गर्ने प्रावधानप्रति महासङ्घको आपत्ति रहेको छ ।

# तीन वर्षमा पनि बनेन रेसुङ्गा सभाहल



गुल्मी । यहाँको रेसुङ्गा नगरपालिकामा निर्माणाधीन अत्याधुनिक सभाहल निर्माण तीन वर्षसम्म पनि सम्पन्न भएको छैन । हालसम्म ७५ प्रतिशत मात्र भौतिक प्रगति भएको छ ।

सङ्घीय सरकारअन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालयबाट भ्याटसहित रु १४ करोड १७ लाख १३ हजार ९३७ लागतमा तीन वर्षअघि निर्माण सुरु गरिएको थियो । सदरमुकाम तम्घास नजिकै रेसुङ्गा नगरपालिका-४ स्थित अर्खलेमा निर्माणाधीन उक्त सभाहल जिल्लाकै ठूलो र अत्याधुनिक बन्न लागेको हो ।

सघन शहरी तथा भवन निर्माण आयोजनाका इञ्जिनियर घनश्याम यादवकाअनुसार निर्माणाधीन सभाहलको हालसम्म ७५ प्रतिशत भौतिक र ६५ प्रतिशत वित्तीय प्रगति भएको छ ।

सभाहल निर्माणको जिम्मा विसं २०७९ कात्तिक २७ गते डिएनडी सत्तेश्वर -याकेट जेभीले लिएको थियो । तोकिएको समयमा काम सम्पन्न नगरेपछि २०८२ चैत मसान्तसम्म म्याद थप गरिएको इञ्जिनियर यादवले बताए ।

उनले यसअघि विभिन्न समस्याका कारण सभाहल निर्माणमा ढिलाइ हुँदा म्याद थप गर्नुपरेको बताए ।

आगामी चैत मसान्तसम्म सभाहल निर्माण सम्पन्न गरी भवन हस्तान्तरण गर्ने गरी काममा तीव्रता दिन निर्माण व्यवसायीलाई आयोजना कार्यालयले ताकेता गरिरहेको छ । पाँच रोपनी क्षेत्रफलमा निर्माण भइरहेको उक्त सभाहल दुई तलासहित अग्नी नियन्त्रण, भूकम्प प्रतिरोधि, अत्याधुनिक कोठा, गार्डेन, पार्किङ् र दुई वटा हल गरी आधुनिक किसिमबाट निर्माण हुन लागेको हो ।

सभाहलमा एकातिर १०८ जना क्षमताको बहुउद्देश्यीय र अर्कोतिर ४३२ जना क्षमताको मुख्य हल गरी कूल ५४० जना क्षमताको हुने जनाइएको छ । सभाहलको सजावटसँगै फर्निचर व्यवस्थापन, गार्डेन र कम्पाउण्ड निर्माण भइरहेको निर्माण व्यवसायी धनिश्वर गौतमले जानकारी दिए । उनले निर्माणको काममा तीव्रता दिएको जनाए ।

**Tansen Municipality**
**Office of Municipal Executive**
**Tansen,Palpa**

**Invitation for Online Bids**

Date of publication: 2082/8/24(10 Dec 2025)

Tansen Municipality Office, Tansen,Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa
Name of the Office: Tansen Municipality Office, Tansen, Palpa
Rajaswa Account No.: 3030100301010004
Bid Validity Period: 90 days
Bank details for Bid security ( If Cash deposit) :RanstriyaBanijya Bank, Palpa, A/C no. 3030100303000004.

| Contract No. | Name of Project | Amount Exclusive VAT | Price of Bid Document, NRs. | Bid Security Amount, Rs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| ER/05/ 2082-83 | Mela Mahotsab Sanchalantatha Byabasthapan Work at Tundikhel Maidan 2082/83,Tansen-6, Palpa | 8500000 | 3000.00 | 5% of Bid Price | 2082/09/25 12.00 Pm (Jan92026) |

Chief Administrative Officer
Tansen Municipality Office

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रुपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com